# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, चैत ०९ गते, २०८२ साल (सङ्ख्या ०७

## भाग ३

### बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२

**प्रस्तावनाः** एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ४ पछि देहायको दफा ४क थपः** एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ४ पछि देहायको दफा ४क थप गरिएको छः-

"४क. **कार्यक्रम सञ्चालन नहुनेः** (१) कार्यक्रम सञ्चालनमा रहेको विद्यालयको तह घटुवा भएमा वा अर्को माध्यमिक विद्यालयमा गाभिएमा उक्त विद्यालयमा कार्यक्रम स्वत खारेज हुनेछ।

(२) उपदफा (१) बमोजिम गाभिएको विद्यालयमा कार्यक्रम लागु नभएको खण्डमा दफा ४ बमोजिम स्थानीय तहको सिफारिसमा मन्त्रालयले कार्यक्रम लागु गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गाभिएको विद्यालयमा कार्यक्रम लागु भई विद्यालय नर्स पद रिक्त भएको खण्डमा गाभिन आएको विद्यालयको विद्यालय नर्स निरन्तर हुनेछ।"

३. **<u>मूल कार्यविधिको दफा ५ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (ग), खण्ड (घ), खण्ड (ङ) र खण्ड (च) झिकिएका छन्।

४. **<u>मूल कार्यविधिको दफा ७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ७ को उपदफा (१) मा रहेका "गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

५. **<u>मूल कार्यविधिको दफा ८ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ८ को,-

(१) उपदफा (१) मा रहेका "गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थप गरिएका छन्:-

"(४) कार्यक्रम लागु भएको विद्यालयमा विद्यार्थी संख्या एक हजार भन्दा बढी भएको खण्डमा यस कार्यविधि बमोजिम सम्बन्धित स्थानीय तहको स्रोतबाट स्थानीय तह आफैले छनोट गरी थप विद्यालय नर्स राख्न सक्नेछन्।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उपमहानगरपालिकाको हकमा स्थानीय तहको आफ्नै स्रोतबाट वा प्रदेश सरकारसँगको

लागत साझेदारीमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्न सकिनेछ।"

६. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० पछि देहायको दफा १०क. थप गरिएको छः-

**"१०क. <u>स्थानीय तहले कामकाजमा खटाउन सक्नेः</u>** (१) स्थानीय तहले विद्यालय नर्सलाई कार्यक्रम लागु नभएको नजिकको आधारभूत र माध्यमिक विद्यालयमा, कार्यक्रम सञ्चालन भएको विद्यालयसँगको समन्वयमा आवश्यकता अनुसार खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटाउँदा स्थानीय तहले खटिने विद्यालयको दुरीका आधारमा नियमानुसार यातायात खर्च उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले प्रोत्साहन खर्च समेत उपलब्ध गराउन सक्नेछ।"

७. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को,-

(१) उपदफा (६क) को सट्टा देहायको उपदफा (६क) राखिएको छः-

"(६क) विद्यालय नर्सले सार्वजनिक बिदा र उपदफा (५) र (६) मा तोकिएका बिदा बाहेक अन्य बिदाको सम्बन्धमा सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।"

(२) उपदफा (६क) पछि देहायका उपदफा (६ख) र (६ग) थप गरिएका छन्ः-

"(६ख) विद्यालयमा हिउँदे, वर्षे, जाडो वा गर्मी बिदा भएको समयमा स्थानीय तहले विद्यालय नर्सलाई नजिकको स्वास्थ्य संस्थामा खटाउन वा स्वास्थ्य संस्थामार्फत समुदायमा परिचालन गर्न सक्नेछ।

(६ग) उपदफा (६ख) को अवस्थामा बाहेक विद्यालय नर्सको बिदा स्वीकृतिको प्रक्रिया विद्यालयको कर्मचारी सरह हुनेछ।"

८. **<u>मूल कार्यविधिको दफा २८ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २८ को उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थप गरिएको छः-

"(ज) प्रत्येक महिनाको ७ गतेभित्र अनुसूची-१० बमोजिमको ढाँचामा मन्त्रालयले विकास गरेको विद्युतीय प्रतिवेदन प्रणालीमार्फत मासिक प्रगति प्रतिवेदन सम्बन्धित विद्यालय, स्थानीय तह, जनस्वास्थ्य कार्यालय, निर्देशनालय र मन्त्रालयलाई पठाउनु पर्नेछ।"

९. **<u>मूल कार्यविधिको दफा ३४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ३४ को उपदफा (१) को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) प्रमुख, स्थानीय तहको स्वास्थ्य विभाग वा महाशाखा -सदस्य-सचिव"

(२) खण्ड (छ) झिकिएको छ।

१०. **<u>मूल कार्यविधिको दफा ४१ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ४१ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छः-

"(४) एकै स्थानीय तहभित्र कार्यरत विद्यालय नर्सको कार्यक्षेत्र हेरफेर गर्नु परेमा सम्बन्धित विद्यालय नर्सको पारस्परिक सहमति तथा सम्बन्धित स्थानीय तहको सिफारिसको आधारमा मन्त्रालयले विद्यालय नर्सको कार्यक्षेत्र (विद्यालय) हेरफेर गर्न सक्नेछ।"

११. **<u>मूल कार्यविधिमा अनुसूची थपः</u>** मूल कार्यविधिको अनुसूची-९ पछि देहायको अनुसूची-१० थप गरिएको छः-

**"अनुसूची- १०**

(दफा २८ को उपदफा (१) को खण्ड (ज) सँग सम्बन्धित)

**<u>विद्यालय नर्सको मासिक प्रगति प्रतिवेदन</u>**

...........सालको...........महिनाको प्रतिवेदन

प्रतिवेदन पेस गरेको मिति................

विद्यालय नर्सको नामः

जिल्लाः

स्थानीय तहः

विद्यालयको नाम र ठेगानाः

विद्यार्थीको सङ्ख्याः

**विवरणः**

**१. विद्यालयको स्वास्थ्य क्लिनिकमा स्वास्थ्य सेवा पाएका विद्यार्थीको विवरण**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| शिशु कक्षा | | | |
| कक्षा १ देखि ५ | | | |
| कक्षा ६ देखि ८ | | | |
| कक्षा ९ र १० | | | |
| कक्षा ११ र १२ | | | |
| **जम्मा** | | | |

**२. विद्यालयको स्वास्थ्य क्लिनिकमा स्वास्थ्य सेवा पाएको शिक्षक तथा अभिभावक**

| सेवाग्राहीको प्रकार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| शिक्षक | | | |
| अन्य कर्मचारी | | | |
| अभिभावक | | | |
| **जम्मा** | | | |

**३. विद्यार्थीको पोषणको अवस्था बारे जाँच गरेको (तौल, उचाई, आदि) (BMI)**

| सेवाग्राहीको प्रकार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| Underweight: | | | |
| Normal: | | | |
| Overweight: | | | |
| | | | |
| **पाँच वर्ष मुनिको बालबालिका (MUAC)** | **छात्रा** | **छात्र** | **जम्मा** |
| हरियो | | | |
| पहेंलो | | | |
| रातो | | | |

## ४.स्वास्थ्य सम्बन्धी परामर्श पाएमा

| सेवाग्राहीको प्रकार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| विद्यार्थी | | | |
| अन्य | | | |
| **जम्मा** | | | |

## ५.राष्ट्रिय कार्यक्रममा सेवा दिएको

| सेवाको प्रकार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| भिटामिन ए | | | |
| आइरन चक्की | | | |
| जुकाको औषधी | | | |
| **अन्य** | | | |

## ६. अन्य कार्यक्रम

| विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| (क) स्वास्थ्य समस्याआई स्वास्थ्य संस्थामा प्रेषण गरेको | | | |
| (ख) विद्यार्थीसँगको अन्तरक्रिया गरेको पटक/संख्या | | | |
| (ग) अभिभावकसँगको अन्तरक्रिया गरेको पटक/संख्या | | | |
| (घ) शिक्षकसँगको अन्तरक्रिया गरेको पटक/संख्या | | | |
| (ङ) स्वास्थ्य शिक्षाको कक्षा लिएको पटक/संख्या | | | |
| (च) स्वास्थ्य इकाईको बैठक बसेको पटक/संख्या | | | |
| (छ) स्वास्थ्य सम्बन्धी प्रदर्शन गरेको पटक/संख्या | | | |
| (ज) वातावरणीय सरसफाईका लागि विद्यार्थी परिचालन गरिएको पटक/संख्या | | | |
| (झ) विशेष स्वास्थ्य परीक्षण (आँखा, दाँत आदि) को आयोजन गरिएको पटक/संख्या | | | |
| (ञ) विशेष स्वास्थ्य परीक्षण (आँखा, दाँत आदि) मा सेवा पाएका | | | |
| (ट) समुदायमा गरिएको अन्य स्वास्थ्य कार्यक्रमको संख्या | | | |
| (ठ) बाल शोषण भएको सङ्ख्या | | | |
| (ड) महिनावारी सम्बन्धी स्वास्थ्य समस्या भएको किशोरीको संख्या | | | |
| (ढ) स्यानिटरी प्याडको वितरण गरेको संख्याः | | | |
| (ण) मानसिक स्वास्थ्य समस्या सम्बन्धी लक्षण देखा परेको संख्या | | | |

## ७. विशेष स्वास्थ्य परीक्षण (आँखा, दाँत आदि) को लेखाजोखा

| प्रकार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| समान्य | | | |
| जोखिम/समस्या | | | |
| रेफर | | | |
| जम्मा संख्या | | | |

## ८. विद्यार्थीमा देखिएको प्रमुख समस्याहरु (विद्यालयको स्वास्थ्य क्लिनिकमा)

| सि.नं. | समस्या | संख्या |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |
| (ङ) | | |
| अन्य | | |

## ९. औषधीजन्य सामग्रीको खर्च विवरण

| औषधीको नाम | संख्या |
|---|---|
| | |
| | |
| | |
| | |

## १०. यस महिनामा गरेको उल्लेखनीय कार्यहरु

| |
|---|
| (क) |
| (ख) |
| (ग) |

| |
|---|
| (घ) |
| (ङ) |
| (च) |

११. यस महिनामा आफुले भोगेको समस्याहरु

| |
|---|
| (क) |
| (ख) |
| (ग) |
| (घ) |
| (ङ) |
| (च) |

**आज्ञाले,**
**डा. सुमित्रा गौतम**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-